# खैरहनी नगरपालिकाको तेस्रो नगरसभा अधिवेशनमा प्रस्तुत आर्थिक वर्ष २०७५/०७६ को वार्षिक नीति, कार्यक्रम तथा बजेट वक्तव्य

यस नगरसभा अधिवेशनको अध्यक्षता गरी रहनु भएका नगर प्रमुखज्यू, वडा अध्यक्ष, कार्यपालिका सदस्य, नगरसभा सदयज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, कर्मचारी मित्रहरु, सञ्चारकर्मी मित्रहरु लगायत सम्पूर्ण उपस्थित भद्र महिला तथा सज्जनबृन्द्ध ।

सर्वप्रथम यस नगरसभा अधिवेशनमा उपस्थित हुनु भएका प्रमुखज्यू लगायत सम्पूर्ण पदाधिकारी, सदस्य, कर्मचारी तथा सञ्चारकर्मी मित्रहरुलाई मेरो व्यक्तिगत तर्फबाट तथा आयोजक खैरहनी नगरपालिका परिवारको तर्फबाट कृतज्ञता सहित हार्दिक स्वागत गर्दछु ।

यस महत्वपूर्ण घडीमा ईतिहासका विभिन्न कालखण्डमा विभिन्न क्षेत्रमा भएका प्रजातान्त्रिक, गणतान्त्रिक आन्दोलनहरुमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात प्रातःस्मरणीय शहीदहरु प्रति श्रद्धासुमन अर्पण गर्दछु । साथै शहिद परिवारजनमा हार्दिक सम्मान प्रकट गर्दछु ।

यस नगरपालिकाका वडा नं. ४ का वडा अध्यक्ष नरेन्द्रनाथ अधिकारी तथा वडा नं. ५ का वडा अध्यक्ष विश्वबिजय बस्नेत २०७४ फाल्गुण ६ गते सवारी दुर्घटनामा परी दिवंगत हुनु भएकोले उहाँहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परीवारजनमा समवेदना अर्पण गर्दै सोही दुर्घटनामा घाईते हुनु भएका सवारी चालक राजकुमार् अधिकारीको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

## उपस्थित सभा सदस्यहरु !

गत बर्ष स्थानीय तहको निर्वाचन सम्पन्न भई हामी पदाधिकारीहरुले कार्य जिम्मेवारी सम्हालेको पनि एक बर्ष व्यतित भई सकेको छ । यस तेस्रो नगरसभा अधिवेशनमा नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट पेश गर्न पाउँदा मलाई अपार हर्ष महशुस भई रहेकोछ । यस अवसरमा खैरहनी नगरपालिकाको विकासमा सधैं हातेमालो गर्नुहुने आदरणीय नगरवासीहरु प्रति नतमस्तक हुँदै सुसंस्कृत, सुन्दर र समृद्ध खैरहनी शहरको विकासमा यहाँहरुको सहयोग र समर्थनका लागि हार्दिक आग्रह गर्दछु । यस नगरपालिकाका हामी निर्वाचित जनप्रतिनिधिहरुले तपाई आम नगरवासीहरुका भावना र चाहना तथा भरोसालाई उच्च सम्मान गर्दै खैरहनी नगरपालिकालाई सुन्दर, स्वच्छ र समृद्ध बनाउने अभियानमा मन वचन कर्मले सधैं कटिवद्ध रहने पुनःप्रण दोहोऱ्याउँदछौं ।

### उपस्थित सभा सदस्यहरु !

खैरहनी नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को बार्षिक योजना तर्जुमा गर्दा स्थानीयतहले योजना तर्जुमा गर्दा अवलम्वन गर्ने प्रक्रिया पुरा गरी आएका नगरवासीहरुका मागहरुलाई नगरपालिकाको स्रोत र साधनले भ्याए सम्म यथासम्भव समेट्ने प्रयत्न गरेकाछौं । योजना तर्जूमा गर्दा नेपालको संविधानको अनुसूची ८ मा व्यवस्था गरिएका स्थानीय तहका एकल अधिकार र अनुसूची ९ मा व्यवस्था गरिएका साझा अधिकार, स्थानीय सरकार सञ्चालन ऐन २०७४, खैरहनी नगरपालिकाको योजना तर्जूमा सम्बन्धी दिग्दर्शन २०७५, सङ्घीय तथा प्रान्तिय सरकारबाट प्राप्त मार्ग दर्शनलाई पूर्णतः पालन गर्दै योजना तर्जुमा गरिएकोछ । यसका साथै नगर विकास योजना निर्माणका लागि चालु त्रिवर्षीय योजना, वडासमितिहरु, विभिन्न लक्षित समूहहरु, तथा निकायहरु, नागरिक समाज, बुद्धिजिवीवर्ग लगायतबाट प्राप्त सुझाव एवं वडास्तरीय भेलाबाट आएको प्राथमिकीकरणका आधारमा नगरकार्यपालिका बैठकबाट सिफारिस भई आएका योजनाहरुलाई नगरसभामा पेश गरिएको छ ।

राजस्वका दरहरुमा स्थानीय राजस्व परामर्श समितिको सिफारिशलाई आधार लिदैं नगरकार्यपालिका बैठकबाट सिफारिस भई आएका दरहरुलाई यस नगरसभामा पेश गरिएकोछ । जसमा आर्थिक वर्ष २०७४/०७५मा नगरसभाबाट पारित भई लगाईएका कर, शुल्क तथा दस्तुरका दरहरुमा सामान्य संस्शोधन गरी प्रस्ताव गरिएको छ ।

स्थानीय सरकारको भूमिका निर्वाह गरिरहेको यस नगरपालिकाले हाल सिमित श्रोत साधनबाट काम गर्नुपर्ने चुनौति एकातर्फ छ भने अर्को तर्फ बढदो जन अपेक्षालाई सम्बोधन गर्ने जटिलता विद्यमान छ । यद्यपी नगरवासीहरुको हित र सुविधाका लागि शहरी सुशासन, सामाजिक विकास एवं पूर्वाधार निर्माण तथा श्रोत परिचालन सम्बन्धमा केहि अनुभूतियोग्य कार्य गर्ने प्रयास गरिएकोछ ।
नगरपालिकाले आफ्नो दैनिक प्रशासनिक एवं विकास निर्माणका कार्यहरुलाई अझ चुस्त दुरुस्त बनाउन तथा सम्पादन गरिएका नियमित सेवा तथा विकास कार्यहरुमा नगरवासी प्रतिको जवाफदेहितामा बृद्धि गर्न सरोकारवालाहरुको जिज्ञासा, सुझाव र प्रतिक्रियाका लागि सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिईनेछ भने सञ्चालित योजनामा उपभोक्ता समितिको सरोकारवाला जनता प्रतिको जवाफदेहीतामा वृद्धि गर्न सामाजिक परीक्षणलाई अझै प्रभावकारी बनाईनेछ ।

नगरपालिका प्रतिको गुनासो र सुझाव व्यवस्थापनको लागि कार्यालयमा गुनासो सुन्ने अधिकारी तोकी कार्यालय परिसरमा सुझाव पेटीका राखी अनुगमन गर्ने व्यवस्था गरिएकोछ । त्यस्तैगरी सूचना प्रवाह तथा व्यवस्थापनको लागि नगरकार्यपालिकाको प्रवक्ता चयन गर्नुका साथै सूचना अधिकारीको समेत व्यवस्था गरिएकोछ । कार्यालयमा आउने सेवाग्राहीलाई सहयोग पुऱ्याउन हेल्प डेस्कको व्यवस्था, कार्यालय परिसरमा नागरिक वडापत्र लगायतका व्यवस्थाहरु गरिएकोछ । कार्यालयको लेखा, राजस्व सम्बन्धि कार्यहरुमा सफ्टवेयर जडान गरि कम्प्युटरिकृत गरिसकिएको छ । यी कार्यहरुलाई आगामी बर्ष अझ चुस्त दुरुस्त र प्रभावकारी बनाउनेछ भने ठूला योजनामा हुने ठेक्का बन्दोवस्तका लागि E-bidding प्रक्रियाको थालनि यसै बर्षबाट गरिसकीएको छ जसलाई निरन्तरता दिईने छ ।

नगरपालिकाको फोहोरमैला व्यवस्थापनलाई व्यवस्थित बनाउन निजी क्षेत्र संग सार्वजनिक निजी साझेदारी अवधारण अनुसार शुल्कमा आधारीत फोहोरमैला व्यवस्थापन प्रणाली अवलम्वन गरिएको छ । आगामी वर्ष स्रोतमा फोहोरमैला वर्गिकरण गरी फोहोर न्यूनिकरण गर्न विभिन्न टोलवस्तीहरुमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । प्रमुख शहरी एवं आवसीय क्षेत्रहरुमा सडकवत्ति व्यवस्थापन गरी यसलाई विस्तार गर्दै लगिनेछ ।

**भौतिक अवस्था,**

नगरपालिकाको समष्ठिगत भौतिक पूर्वाधार तर्फ दृष्टि लगाउँदा हालसम्ममा कालोपत्रे सडक ६७.९१ कि.मी., ग्रावेल सडक १७८.७१ कि.मी., माटे कच्ची सडक १०५.७८ कि.मी. गरी जम्मा ३५२.४ कि.मि सडक तयार भैसकेकोछ । स्वस्थ्य तर्फ प्राथमीक स्वस्थ्य केन्द्र -१, स्वस्थ्य चौकी - ३, खोप केन्द्र-२०, निजी पोलीक्लिनिक-४ रहेकाछन् । बर्थिङ्ग सेण्टर दुई सम्पन्न भै सञ्चालनमा रहेकोछ भने ११ वटा गाउँघर क्लिनिक सञ्चालनमा रहेकाछन् । विद्यालय तर्फ आधारभुत सामुदायिक विद्यालय -२२, संस्थागत विद्यालय -८, माध्यामिक सामुदायीक विद्यालय - ६, संस्थागत विद्यालय -१३, धार्मिक आधारभुत तह -१ वटा सञ्चालनमा छन् । खानेपानी तर्फ ९ वटा खानेपानि आयोजनाबाट ८७४२ घरधुरीलाई खानेपानी उपलब्ध भएकोछ ।

**सभा अध्यक्षज्यू !**
**अब म चालु आ.व. को नीति तथा कार्यक्रमको समिक्षा पस्तुत गर्दछु :**

**आर्थिक क्षेत्र :-**

स्थानीय तहको आर्थिक वृद्धिका लागि उद्योग बाणिज्य संघसंगको सहकार्यमा एकिकृत सम्पत्तिकर सञ्चालनमा ल्याइएको छ । आय बृद्धिका लागि नगरक्षेत्र भित्र सञ्चालनमा रहेका उद्योग, व्यापार, व्यवसायहरुलाई नगरपालिकामा अनिवार्य रुपमा व्यवसाय दर्ता गर्नु पर्ने व्यवस्था गरीएको छ । नगर क्षेत्रका सहकारीहरुलाई व्यवस्थित रुपमा सञ्चालनका लागि कानून बनाई व्यवस्थित गरिएको छ, भने बहुउद्देश्यीय सहकारीहरुलाई जनमुखि बनाउन नगरको तर्फबाट अनुदानको व्यवस्था पनि गरिएको छ । कृषि तथा पशुपालन क्षेत्रमा विकासका लागि धान काट्ने रिपर, ड्याङ बनाउने मेशिन, हाते ट्याक्टर लगायतका सामाग्रीहरु वितरणका साथै वातावरण संरक्षणका लागि फलफुलका विरुवाहरु वितरण गरिएको छ । पशु पालन कृषकलाई नगदै अनुदान उपलब्ध गराउनुका साथै सहायक सामाग्रीहरु उपलब्ध गराइएको छ । यस क्षेत्रबाट उत्पादित हने दुधलाई विभिन्न परिकार निर्माण गर्नका लागि South ASIA Foundation को सहयोगमा डेरी उद्योग स्थापनाको लागि प्रकृया अगाडी बढाइएको छ । पर्यटन विकासका लागि पर्यटक मार्ग निर्माण, होमस्टेमा सहयोग लगायत पार्क तथा भ्यू टावर निर्माण कार्यलाई तिब्रता दिइएको छ । नगरस्तरीय उद्यमशिलता रणनीतिक योजना तयारी कार्य अन्तीम चरणमा रहेकोछ ।

**सामाजिक क्षेत्र :-**

यस नगरपालिकामा यही आ.व.मा रामपुर कृषि क्याम्पस खैरहनी स्थापना गरी चालु आ.व. देखि नै पठनपाठन गर्ने व्यवस्था भएको छ, भने खैरहनी-२ स्थीत सैनिक आवसीय महाविद्यालयमा विज्ञान विषय स्वीकृत गरी यसै वर्ष देखि कक्षा सञ्चालन हुने छ । नगर क्षेत्र भित्रका विभिन्न सामुदायिक विद्यालयको ECD (पूर्व प्रथामिक विद्यालय) कक्षालाई आकर्षण र वालवालिकाहरुले खेलका माध्यामबाट सिक्ने पद्धतीको विकासका लागि विद्यालय अनुदान उपलब्ध गराइएको छ । नगर क्षेत्रका मठ मन्दिर, ब्रम्हस्थानी, चर्च, मस्जिदहरुको जिर्णादार तथा मर्मतको व्यवस्था गरिएको छ । विभिन्न जातजातिको संस्कृति संरक्षणमा सहयोग पुऱ्याउन भेषभुषा खरिद गरी उपलब्ध गराउने, युवाहरुका लागि खेलकुदः- नगर स्तरीय फुटवल, भलीवल र क्रिकेट जस्ता कार्यहरु सम्पन्न गरीएका छन् । महिला तथा वालवालिकाका लागि विभिन्न कार्यक्रमहरु अगाडी बढाइएको र लैङ्गीक समावेशी अन्तरगर्त महिला विकास कार्यक्रमहरु १३ वटै वडामा सञ्चालन हुने गरी व्यवस्था गरिएको छ, साथै १३ वटै वडामा यसै वर्ष बालक्लब गठन गरी सक्ने गरी कार्यक्रम गरिएको छ ।

दलितहरुका लागि क्षमता अभिबृद्धि, शारीरिक अपाङ्गका लागि सहायक सामाग्री वितरण गर्ने कार्य सम्पन्न भएको छ । आदिवासीहरुका लागि उद्यमी बनाउने तालिम  दिई उद्यमका लागि आवश्यक सामाग्री तथा रकम उपलब्ध गराइएको छ ।

**पूर्वाधार विकास :-**

समानुपातिक विकासको अवधारणालाई मध्यनजर गरी यसै वर्ष देखि वडा स्तरीय योजना सञ्चालन गरी विकास निर्माण कार्यलाई सहभागितामुलक जनसहभागिता (लागत साझेदारी) को अंश समेत एकीन गरी कार्य अगाडि बढाइएको छ, भने प्रमुख सडकहरुलाई नियमित मर्मत संभारको व्यवस्था नगरपालिका आफैले गर्ने गरी व्यवस्था मिलाएको  छ । नगरस्तरीय यातायात गुरुयोजना निर्माण कार्य सम्पन्न यसै आ.व. मा गरिनेछ । सडक, खानेपानी, तटबन्धन, सिचाई, ढल निकास जस्ता शहरी पूर्वाधारलाई जोड दिएको छ भने बैकल्पीक ऊर्जामा सोलार बत्ति मर्मत संभार गरी चालु अवस्थामा राखिएको छ । यसै वर्ष कार्यालयको भवन पुरा गरिनेछ । नगरक्षेत्र भित्रका सार्वजनिक जग्गा संरक्षण कार्यलाई जोड दिनुका साथै उचित प्रयोगमा ल्याईने छ ।

**वन वातावरण तथा विपद् व्यवस्थापन :-**

नेपाल सरकार र स्वीस सरकारको सहयोगमा सञ्चालित पूर्वी चितवन नदी व्यवस्थापन तथा जीविकोपार्जन सुधार कार्यक्रम यसै आ.व.बाट शुरु भएको छ, भने नगर भित्रका विभिन्न खोलाहरु खोल्ने कार्य जलाधार क्षेत्रको संरक्षण, तटबन्धन, राप्ति ड्याक मर्मतसंभार, मेषजाली राख्ने  कार्यका अतिरिक्त विपद् बाढी तथा आगलागिबाट प्रभावित घर परिवारलाई राहत उपलब्ध गराइएको छ । नगर क्षेत्र भित्र स्थायी ल्याण्ड फिल्ड साईड नहुँदा फोहोर व्यवस्थापनलाई व्यवस्थित रुपमा विसर्जन गर्ने कार्य निकै चुनौतीपूर्ण रहेको र यस कार्यका लागि सवै नगरवासीमा सहयोग प्राप्त भएको छ । उक्त कार्य निजि क्षेत्रसंग सहकार्य गरी व्यवस्थित गर्ने कार्यलाई तिब्रता दिइनेछ साथै कुहिने फोहोरलाई व्यवस्थापन गर्ने र नकुहीने फोहोरलाई पुन प्रयोगमा ल्याउने तर्फ कार्यक्रम अगाडी बढाइएको छ ।

**सुशासन तथा संस्थागत विकास :-**

चालु आर्थिक वर्ष देखि पाँच लाख भन्दा माथिका योजनाहरुको कार्यान्वयका लागि गठीत उपभोक्ता समितिलाई तालिमको व्यवस्था गरिएको छ, भने प्रतिनीधिहरुलााई कम्प्युटर तालिम, कानूनी शिक्षा सम्बन्धी तालिम, योजना तर्जुमा सम्बन्धी तालिम, कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि विभिन्न तालिमहरु प्रदान गरीएको छ, भने कार्यालयबाट सम्पादन गरिने कार्यलाई पारदर्शी बनाउनको लागि वडा स्तर र नगर स्तरमा नागरिक वडापत्र, सुझाब पेटीका तयार गरी राख्ने कार्य सम्पन्न गरीएको छ । चौमासिक रुपमा सार्वजनिक सुनुवाईको आयोजना गरी जनमत संकलन गर्ने र सोही अनुसार आएका सुझावहरुलाई क्रमश कार्यान्वयन गर्दै लगिने छ । कार्यालयमा विगत वर्षहरु देखि बढेको बेरुजुहरुलाई नियमीत तथा फछ्यौट गराउनका लागि कार्यालय अग्रसर रहेको र आउदा दिनहरुमा यस्ता कार्यलाई निरुत्साहीत गरिने नीति अवलम्बन गरिएको छ ।

**सभा अध्यक्षज्यू !**

**आगामी आ.व. २०७५/०७६ को लागि बार्षिक नीति, कार्यक्रम तथा बजेट तयार गर्दा लिईएका आधारहरु :**

- नेपालको संविधानको अनुसूचि ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु,
- संघिय सरकारले अंगिकार गरेको चौधौं आवधिक योजनाले निर्धारण गरेको लक्ष्य, नीति तथा प्राथमिकताहरु,
- संघिय सरकारले अंगिकार गरेका आर्थिक तथा वितिय नीतिहरु,
- स्थानीय सरकार सञ्चालन ऐन २०७४,
- नेपाल सरकारबाट प्राप्त बजेट सिलिङ्ग र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु,
- माननिय सांसदज्यूहरु, राजनैतिक दलहरुबाट प्राप्त सुझाबहरु,
- सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझाबहरु,
- स्थानीय राजस्व परामर्श समितिको प्रतिवेदन
- नगरकार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु,

बजेट बिनियोजन गर्दा प्रत्येक वडालाई ४९ लाख ५६ हजार सम्म समानरुपमा र बाँकी रकम जनसंख्यालाई ४५ प्रतिशत, भूगोललाई ४० प्रतिशत, पिछडिएको क्षेत्रलाई १० प्रतिशत र राजस्व योगदानलाई ५ प्रतिशत भार दिई बजेट बिनियोजन गरिएकोछ । त्यस्तै गरी कुल विकास वजेटलाई पूर्वाधार विकासमा र प्रवर्द्धनात्मक कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाईएको छ । लक्षित वर्गलाई न्यायोचितरुपमा सम्बोधन होस भन्ने हेतुले कुल विकास वजेटबाट उचित संबोधन गरिएको छ ।

**नगरपालिकाले आर्थिक बर्ष २०७५/०७६ देखी अवलम्वन गर्ने गरी तयार गरेका नगर विकासका नीतिहरु तथा कार्यक्रमहरु निम्नानुसार रहेकाछन् :**

**१. आर्थिक विकास :**

- कृषि उत्पादन अभिबृद्धि एवं बजार प्रवर्द्धनका लागि हाटबजार व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ ।
- Organic खेतीलाई प्रवर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ ।
- नगरपालिका क्षेत्रका खेतीयोग्य जमिनको माटो परीक्षण तथा उपचारको व्यवस्था गरी कृषि व्यवसाय प्रवर्द्धनमा टेवा पुऱ्याईनेछ ।
- सहकारीको माध्यमवाट रोजगारीका अवसरहरु श्रृजनाको लागि सहकारी अन्य संघ संस्थाहरु संग हातेमालो गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- नगरपालिकाको आन्तरिक स्रोत अभिबृद्धिका लागि करका नयाँ स्रोतहरुको पहिचान गरी राजस्व अभिबृद्धि गर्नका लागि थप अध्ययन गर्नुका साथै कर संकलनका लागि यस क्षेत्र संग सम्बन्धित संघ संस्थाहरु संग सहकार्य तथा राजस्व साझेदारीको नीति अवलम्वन गरिनेछ ।
- सम्बन्धित निकायको सहयोग तथा सहकार्यमा प्रत्येक महिना बजार अनुगमन गर्ने व्यवस्था मिलाईनेछ ।
- पर्यटन क्षेत्र विकास तथा स्तरोन्नतीको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाईनेछ ।
- विपन्न तथा लक्षित समुदायको जीवीकोपार्जनमा टेवा पुऱ्याउने गरी गोठसुधारमा अनुदान तथा बाखा वितरणको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- व्यवसायीक रुपमा पशुपालन व्यवसाय सञ्चालनमा जोड दिईनेछ ।
- नगरपालिका भित्र सञ्चालित दुग्ध विकास सहकारी तथा किसानहरुको क्षमता विकासका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै दुग्ध उत्पादक किसानहरुलाई दुधमा अनुदान दिने व्यवस्था गरिनेछ ।
- माछापालन गर्ने किसानहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- माहुरी पालन गर्ने कृषकहरुलाई प्राविधिक क्षमता अभिवृद्धि गर्ने किसिमका तालिम प्रदानको साथै घार खरिदमा अनुदान प्रदान गरिनेछ ।
- कुखुरा पालन तथा पन्छिजन्य व्यवसायलाई प्रवर्द्धन गर्ने नीति अवलम्वन गरिनेछ ।
- केरा व्यावसायीहरुलाई क्षमता अभिवृद्धि तालिम प्रदान गरिनेछ ।
- एकीकृत कृषि पद्धतीद्धारा साना किसानहरुको आयस्तर वृद्धिको लागि बिशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- उद्योग बाणिज्य संघ खैरहनी संगको सहकार्यमा नगरका विभिन्न क्षेत्रको विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।
- बिशेष आर्थिक क्षेत्र स्थापनाको लागि तयार भएको कार्य योजना अनुसार कार्यान्वयन गरिने छ ।

**२. सामाजिक विकास :**

- प्रारम्भिक बालविकास केन्द्रको गुणस्तर सुधारमा प्रोत्साहन गर्नुको साथै गुणस्तरीय, जीवनोपयोगी, सीपमूलक र रोजगारमूलक शिक्षामा जोड दिईनेछ ।
- प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत शिक्षकाहरुलाई प्रोत्साहन गरिनेछ ।
- शिक्षाको गुणस्तर वृद्धिका लागि शिक्षकहरुलाई अभिमुखीकरण तालिम सञ्चालन, कार्य सम्पादन करार सम्झौताको कार्यान्वयन गरिने र विद्यालयको भौतीक सुधारको साथै स्तरोन्नती गर्दै लगिनेछ ।
- ईट्टा भट्टा लगायत उद्योगमा कार्यरत मजदुरका छोराछोरीलाई शिक्षाको पहुँच अभिवृद्धि गर्न विभिन्न संघ संस्थाहरुको समन्वयमा कार्य सञ्चालन गरिनेछ ।

- बालमैत्री स्थानीय शासन कार्यक्रमलाई अवलम्बन गरी नगर क्षेत्रमा बनी सकेका विद्यालयहरुमा बालमैत्री संरचना तयार गर्न प्रोत्साहीत गर्नुको साथै नयाँ निर्माण हुने भौतिक संरचनाहरुलाई बालमैत्री बनाउन लगाईनेछ ।
- बालमृत्युदर घटाउन स्वास्थ्य संस्थाहरुमा प्रसुती सेवालाई प्रभावकारी बनाउन साधन सम्पन्न गर्नुका साथै प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
- खेलकुद विकासका लागि खेलकुद संग सम्बन्धित संघ संस्थाहरु संगको समन्वय र सहकार्यमा नगरस्तरीय खेलकुद सञ्चालन तथा खेलकुद सामग्री वितरण गरी खेलकुद क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- अत्यावश्यक स्वास्थ्य सेवाको पहुँच विस्तार गरी गुणस्तर अभिबृद्धि गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।
- यसै बर्षबाट नडा नं. १३ मा शहरी स्वास्थ्य क्लिनिक सञ्चालन गरी स्वास्थ्य संस्था नभएका वडाहरुमा खोप केन्द्र स्थापना गर्दै लगिनेछ ।
- समाज विकासको हरेक क्षेत्रमा पछाडी परेका लक्षीत समुदायलाई विकासको मुल प्रवाहमा समाहित गर्न सीपमुलक तथा क्षमता अभिवृद्धका कार्यक्रमहरु प्रत्येक वडास्तरबाटै सञ्चालन गरिनेछ ।
- विपन्न पिछडिएका महिलाहरुका लागि आयआर्जन सम्बन्धी सीपमूलक कार्यक्रम सञ्चालन गरिनुका साथै लक्षित वर्गलाई सरकारी सेवामा उनीहरुको सहभागिता अभिवृद्धिका लागि लोकसेवा आयोग परीक्षा तयारी कक्षा सञ्चालन गरिनेछ ।
- हिंसा तथा द्वन्द्व पिडित महिला तथा बालबालिकाहरुको लागि उचित व्यवस्थापनको कार्य गरिनेछ ।
- उमेर पुगेका किशोर किशोरीहरुलाई लक्षित गरीलागु औषध प्रयोग तथा यौनजन्य हिंसालाई निरुत्साहीत गर्ने सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामुदायिक विद्यालय तथा सरकारी निकायहरुको पूर्वाधार विकास तथा अन्य प्रवर्द्धनात्मक कार्यमा लागत साझेदारी गर्न लगाईने छैन ।
- जेष्ठ नागरिक, लोपोन्मुख जातीहरुका लागि विभिन्न कार्यक्रमहरु सञ्चालनको साथै सम्मान गरिनेछ ।
- एकल महिलाहरुका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- नगरस्तरीय बाल सञ्जाल गठन गरी सञ्जालका सदस्यहरुलाई अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ ।
- आगामी बर्ष बालश्रम मुक्त नगरपालिका घोषण गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- भाषा, धर्म संस्कृति संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र १५० शैया सम्मको बाल अस्पताल निर्माण गर्न पहल गरिनेछ ।

## ३. पूर्वाधार विकास :

- नगर क्षेत्र भित्रका सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्नका लागि आवश्यक समपुरक कोष तथा बजेटको व्यवस्था गरिएकोछ । बनी सकेका सडकहरुको स्तरोन्नती गर्दै लगिनेछ ।
- आ.व.२०७५/०७६ मा सम्झौता भई कार्यान्वयन हुने योजनाहरु तटबन्धन, ईट्टा, ढुङ्गा, सिमेण्ट, बालुवा, छड लगायतका निर्माण सामाग्रीहरु प्रयोग गरी निर्माण गरीने भवन लगायतका संरचनात्मक निर्माण कार्यमा जनसहभागिताका साथै लागत साझेदारी ८५:१५ को अनुपातमा रहनेछ । त्यस्तै गरी कालोपत्रे तथा पक्की सडक, ग्राभेल, माटो फिलिङ्ग, सडक मर्मत संभार, सिंचाई सम्बन्धी कार्य, खानेपानी सम्बन्धी कार्य तथा अन्य आयोजनामा जनसहभागिताका साथै लागत साझेदारीको अनुपात ८०:२० अनुपातमा रहनेछ ।
- कालोपत्रे तथा पक्की सडक लगायतका उच्च प्रविधि र मेशीनरी ईक्यूपमेण्टहरु प्रयोग गरी निर्माण गर्नु पर्ने योजनाहरुमा उपभोक्ताबाट लागत सहभागीता जुटाउन नसकीने भएमा वडा कार्यालयको सिफारीशमा नगरपालिकाले ठेक्का बन्दोबस्त गरी योजना सञ्चालन गर्नेछ ।
- उपभोक्ता समितिले योजनाको सम्झौता गरी कुनै निर्माण व्यावसायीलाई काम गराएको पाईएमा त्यस्ता योजनाको उपभोक्ता समिति संगको सम्झौता कार्यालयले कुनै पनि समय तोडन सक्नेछ । त्यसरी सम्झौता तोडिएको उपभोक्ता समितिलाई कुनै किसिमको रकम भुक्तानी दिन बाँकी रहेमा त्यस्तो रकम भुक्तानी दिईने छैन ।
- नगर यातायात गुरुयोजना (MTMP) यसै नगरसभाबाट पारीत गरी सोको आधारमा भवन तथा संरचना निर्माण मापदण्ड र सडक मर्मत एव्म् स्तरोन्नती योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र चक्रपथ निर्माण योजनालाई प्राथमिकता साथ योजना बनाई कार्यान्वयनमा लगिनेछ ।
- आगामी आ.व.देखि नगरयोजना कार्यान्वयन गर्दा योजनाको सम्झौता तथा योजना फरफारक गर्दा pre- project / post project photo को नीति अवलम्बन गरिनेछ ।

- योजना सम्झौता नगरी योजना कार्यन्वयन गरेको पाईएमा त्यस्ता उपभोक्ता समिति संग योजना सम्झौता गरिने छैन । यस आ.व.को लागि स्वीकृत भएका र क्रमागत आयोजना बाहेक कुनै पनि आयोजना आगामी बर्ष कार्यान्वयन गरिने छैन ।
- आगामी आ.व.का कार्यक्रम सञ्चालन गर्दा तोकिएको मापदण्ड बमोजिम तोकिएको समयमा नै योजना सम्पन्न तथा फरफारक गर्ने उपभोक्ता समितिलाई सूचकाङ्कहरु तयार गरी सम्मान गरिनेछ ।
- कंकाली सामुदायिक वनको गुरुयोजना अनुसार पूर्वाधार निर्माण कार्यको शुरुवात गरिनेछ ।
- नगरपालिकाका वडा कार्यालयका भवन क्रमशः निर्माण गर्दै लगिनेछ ।
- नगरपालिकाको आवधीक योजना तयार गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ ।
- नगरपालिका क्षेत्रभित्र बसपार्क निर्माणको कार्यलाई अगाडी बढाईनेछ ।
- राप्ती ड्याक मर्मतसुधार तथा विस्तार कार्यलाई निरन्तरता दिईनेछ ।
- जंगली जनावरबाट हुने क्षतीलाई न्यूनीकरण गर्नका लागि मेसजाली लगाउने कार्यलाई निरन्तरताको लागि पहल गरिनेछ ।
- एकिकृत सहरी विकास योजनाको संभाव्यता अध्ययन गरिनेछ ।

**घर नक्सा पास :**

- नगरपालिकामा सरकारी, गैरसरकारी तथा निजी घर, भवन निर्माण गर्ने निर्माण व्यवसायीलाई निर्माण व्यवसायी समिति संगको सहकार्यमा भुकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- आगामि आ.व.बाट नगरपालिका क्षेत्र भित्र भवन निर्माण गर्ने निर्माण व्यावसायी नगरपालिकामा सूचिकृत भएको र नगरपालिका वा नेपाल सरकारबाट मान्यताप्राप्त संस्थाबाट वस्ति विकास तथा शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड -२०७२ जारि भै सकेपछि नयाँ मापदण्ड बमोजिम तालिम प्राप्त व्याक्ति वा संस्थालाई मात्र स्वीकृती दिने नीतिलाई अवलम्वन गरिनेछ ।
- यसै आ.व.बाट घर सम्पन्न प्रमाणपत्र प्रदान गर्दा घरको फोटो निवेदन साथ अनिवार्य रुपमा पेश गर्नु पर्ने व्यवस्था गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र बन्ने प्रत्येक सार्वजनिक तथा सरकारी भवनलाई बातावरण तथा अपाङ्गमैत्री बनाउनका साथै बनी सकेका त्यस्ता भवनहरुलाई अपाङ्ग मैत्री बनाउन प्रोत्साहन गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र कुनै पनि भौतीक संरचना निर्माण गर्दा नगरपालिकाबाट नक्सापास गराई बनाउनु पर्नेछ, नक्सापास नगराई बनाएका संरचनाको लागि घरबाटो सिफारिश, पानी, विद्युत तगायतका सोवाको लागि सिफारिश गरिने छैन
- सरकारी तथा सार्वजनिक हानी नोक्सानी नहुने गरी निर्माण भएका तर प्रचलित मापदण्ड पुरा गर्न नसकी नक्सापास तथा नक्सा नियमित गर्ने कार्य रोकीएका भौतिक संरचनाहरुको निश्चित मापदण्ड बनाएर नक्सा नियमित कार्यलाई अगाडी बढाईनेछ ।

**४. वन, वातावरण तथा विपद् व्यवस्थापन :**

- नगर क्षेत्र भित्रका मुख्य सडकहरुको दायाँ बाँया हरियाली एवं सौन्दर्य बढाउन बृक्षारोपण एवं संरक्षण गर्दै लगिनेछ ।
- फोहोरमैलालाई वर्गिकरण तथा खण्डिकरण गर्न नगरवासीलाई उत्पेरित गर्ने खालका कार्यक्रम सञ्चालन गरी क्रमशः जैविक फोहार नगरपालिकाले नउठाउने र व्याक्ति स्वम्ले व्यवस्थापन गर्नु पर्ने नीति लिईनेछ । साथै कुहीने र नकुहीने फोहरलाई एकसाथ नउठाई फरक फरक समयमा उठाउने व्यवस्था यसै आ.व.बाट मिलाईनेछ ।
- नगरपालिकालाई खुला दिशा मुक्त क्षेत्र घोषण भई सकेको अवस्थामा नगर क्षेत्रलाई पूर्ण सरसफाई युक्त नगर बनाउन Post ODF कार्यक्रम सञ्चालन गरिनेछ । साथै मुख्य शहरी क्षेत्र लगायत विभिन्न स्थानमा सार्वजनिक शौचालय निर्माणमा जोड दिईनेछ ।
- नगर क्षेत्र भित्रका सार्वजनिक तथा निजी संरचनाहरु तथा नगरका टोल तथा वडाहरुमा वातावरण मैत्री स्थानीय शासन (EFLG) कार्यक्रमका सूचकहरुलाई क्रमशः कार्यान्वयन गर्दै लगिने छ ।
- खेतीयोग्य जमिन प्लटिङ्ग गरी घडेरीकोरुपमा बिक्री गर्ने कार्यलाई निरुत्साहीत गर्न सो सम्बन्धमा नीति बनाई लागु गरिनेछ । साथै पूर्व स्वीकृती नलिई प्लटिङ्ग गरेको जग्गाको बिक्री गर्न नगरपालिकाबाट सिफारिश, पानी, विद्युतको सिफारिश गरिनेछैन । त्यसरी प्लटिङ्ग गरी घडेरीको रुपमा बिक्री गर्दा आवश्यक पर्ने पूर्वाधार तयार गरे पछि मात्र बिक्री वितरण गर्न पाउने व्यवस्था मिलाईनेछ ।

- खोला, खोल्सा तथा नालाहरुमा भएको अतिक्रमणलाई हटाई खालि जग्गामा साईकल पथ तथा हरियाली पार्क निर्माण कार्यको थालनी यसै आ.व.बाट गरिनेछ ।
- खोला खोल्सा खोल्ने जस्ता नदी नियन्त्रण तथा जलाधार संरक्षणका योजना नगरपालिका आफैले सञ्चालन गर्नेछ ।
- सडक एवम् सार्वजनिक जमिन अतिक्रमण गरी निर्माण गरिएका घर, टहराहरु हटाउने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईनेछ ।
- विपद् व्यवस्थापनका लागि सम्बन्धित संस्थाको सहयोगमा कार्यक्रम तय गरी सञ्चालन गरिनेछ ।

**५. सुशासन तथा संस्थागत विकास :**

- सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई सबल बनाउन वडा तह सम्म योजना तर्जुमा क्षमता अभिबृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- योजनाहरुको कार्यान्वयन तथा व्यवस्थापन प्रणाली व्यवस्थित बनाउनका लागि उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना कार्यान्वयन पूर्वनै आवश्यक तालिम प्रदान गरिनेछ ।
- सेवा प्रवाहलाई गुणस्तरीय तथा प्रभावकारी बनाउन नगरपालिका कार्यालय तथा वडा कार्यालयहरुलाई साधन सम्पन्न गराईनेछ ।
- सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता क्रियाकलापहरुको माध्यमबाट पारदर्शिता अभिबृद्धि गर्दै जनआवाज संकलन गरी प्राथमिकताका साथ कार्यान्वयन गरीनेछ ।
- नगरपालिका तथा वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवा प्रणालीलाई अझ व्यवस्थित बनाउनका लागि कम्प्यूटरिकृत स्वचालित पद्धतिको अवलम्बन गर्दै लगिनेछ ।
- प्रभावकारी रुपमा सेवा प्रवाह गर्न कर्मचारी तथा पदाधिकारीहरुलाई आवश्यक तालिम तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- राष्ट्रसेवक कर्मचारीहरुलाई दिईदै आएको ३५ प्रतिशत स्थानीय भत्ता हटाई कार्य सम्पादनका स्पष्ट मापन योग्य सूचकहरु सहितको कार्य सम्पदनमा आधारीत प्रोत्साहन प्रणाली निर्माण गरी कर्मचारीहरुलाई प्रोत्साहित गर्न अतिरिक्त सेवा र समयको आधारमा थप सुविधा प्रदान गरिनेछ ।
- नगरपालिकाको संगठन संरचना अध्ययन गरी आफ्नो आवश्यकता अनुसारको संगठनात्मक संरचनाको निर्माण गरिनेछ ।
- सरकारी तथा सार्वजनिक जग्गाको खोजी तथा संरक्षण कार्यलाई अगाडी बढाइनेछ ।

**सभा अध्यक्षज्यू !**
**अब म आय व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

**आ.व. २०७३/०७४ को यथार्थ विवरण :**

आ.व. २०७३/०७४ मा कुल आय रु.२३ करोड ७९ लाख ७५ हजार मध्ये आन्तरिक स्रोतबाट ३ करोड १९ लाख ७६ हजार बाह्य श्रोतबाट रु.१७ करोड ७० लाख ४६ हजार र गत बर्षको बैङ्क मौज्दात २ करोड ८९ लाख ५३ हजार रहेको थियो । त्यस्तै गरी कुल खर्च रु. १७ करोड ९६ लाख ५० हजार मध्ये चालु खर्च ४ करोड १६ लाख ३४ हजार र पूँजिगत खर्च १३ करोड ८० लाख १६ हजार भएको थियो । जसमा ५ करोड ८३ लाख २५ हजार बैङ्क मौज्दात रहेको थियो ।

**चालु आ.ब.२०७४/०७५ को संशोधित अनुमान :**
यस नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ का लागि कुल आय व्यय रु. ६५ करोड ७ लाख ४९ हजार रहेकोछ भने कुल खर्च मध्ये चालु खर्च तर्फ रु.२७ करोड ५२ लाख ५७ हजार र पुँजीगत खर्च रु. ३७ करोड ५४ लाख ९२ हजार रहेकोछ । चालु खर्चमा सामाजिक सुरक्षा कार्यक्रमको रु. ८ करोड ५९ लाख २९ हजार समेत समावेश गरिएकोछ, जसले गर्दा चालु खर्च बढी देखिन आएकोछ ।

**आगामी आ.ब.२०७५/०७६ को प्रस्तावीत अनुमान :**
यस नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ का लागि कुल आय व्यय रु.६२ करोड ३९ लाख ९१ हजार रहेकोछ भने कुल खर्च मध्ये चालु खर्च तर्फ रु.३६ करोड ५३ लाख १३ हजार ( ५८.५प्रतिशत) र पुँजीगत खर्च रु. २५ करोड ८६ लाख ७८ हजार (४१.५ प्रतिशत) रहेकोछ । चालु खर्चमा सामाजिक सुरक्षा कार्यक्रमको रु. ९ करोड २० लाख समावेश गरिएको छ, भने संघिय सरकारबाट सशर्त अनुदान अन्तरगत प्राप्त रु.१६ करोड ६७ लाख ७० हजार समेत गर्दा चालु खर्च बढी देखिन आएकोछ ।

**कुल आय तथा व्ययको श्रोत/क्षेत्रगत विवरण :**

**आय :**

आन्तरिक आय रु. ५ करोड १९ लाख ९५ हजार, वित्तिय सामानिकरण रु.२४ करोड २९ लाख ८४ हजार, सामाजिक सुरक्षा कार्यक्रम रु. ९ करोड २० लाख, मालपोत रजिष्ट्रेशन ६० लाख, सडक वोर्ड नेपाल रु. ४० लाख, प्रदेश सरकारबाट प्राप्त वित्तिय सामानिकरण रु. ३ करोड ३ लाख १२ हजार, अन्य आय १ करोड ५० लाख, संरक्षीत पुँजीकोष रु. १ करोड ५० लाख जम्मा रु.६२ करोड ३९ लाख ९१ हजार आयको अनुमान गरिएको छ ।

**व्यय तर्फ :**

उपभोग खर्च रु. ८ करोड ९४ लाख १३ हजार, सामाजिक सुरक्षा कार्यक्रम रु. ९ करोड २० लाख, विभिन्न कोषहरुमा रु.१ करोड ५४ लाख ९८ हजार, सशर्त वित्तिय समानीकरणमा रु. १८ करोड ८२ लाख ९० हजार, सार्वजनिक पूर्वाधार तथा अन्य पुँजीगत खर्च तर्फ रु.२२ करोड २५ लाख ९० हजार तथा अन्य खर्च रु. १ करोड ६२ लाख गरी जम्मा रु. ६२ करोड ३९ लाख ९१ हजार खर्च अनुमान गरिएकोछ

**क्षेत्रगत रुपमा व्ययको अनुपात :**

शिक्षामा २३ दशमलब ३३ प्रतिशत, स्वास्थ्यमा ४ दशमलब ५ प्रतिशत, सामाजिक सुरक्षा कार्यक्रममा १४ दशमलब ३२ प्रतिशत, आर्थिक विकासमा ४ दशमलब १७ प्रतिशत, सामाजिक विकासमा ३ दशमलब ०७ प्रतिशत, पूर्वाधारमा २३ दशमलब १९ प्रतिशत, वन, वातावरण सरसफाई तथा विपद् व्यवस्थापन ४ दशमलब ५७ प्रतिशत, विभिन्न कोष तथा म्याचिङ्ग फण्ड २ दशमलब ४ प्रतिशत, मेशीनरी औजार, फर्निचर तथा सवारी साधनमा १ दशमलब ७६ प्रतिशत र सुशासन तथा संस्थागत विकास तथा अन्य खर्च ४ दशमलब ३७ प्रतिशत, साधारण खर्च १४ दशमलब ३२ प्रतिशत बिनियोजन गरिएकोछ ।

**उपस्थित सभा सदस्यहरु !**

बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा हामीले गरेको आग्रहलाई स्वीकार गरी बैठक तथा छलफलमा उपस्थित भई उल्लेखनीय सहयोग गर्नु हुने नगरकार्यपालिका सदस्यज्यूहरू, बिभिन्न समितिका संयोजक तथा सदस्यज्यूहरुलाई विशेष धन्यवाद दिन चाहन्छु। साथै सामयिक रुपमा समन्वयात्मक निर्देशन गरिदिनु हुने संङ्घीय संसद तथा प्रदेश सभाका माननीय सांसदज्यूहरु प्रति पनि हार्दिक आभार प्रकट गर्दछु । यस नगरसभा सम्पन्न गर्न अहोरात्र कार्यमा खटिई सहयोग गर्नु हुने नगरपालिकाका कर्मचारी साथीहरु तथा सामाजिक परिचालकहरुलाई धन्यवाद दिन चाहन्छु । हामीलाई रचनात्मक सुझाव र सल्लाह दिनुहुने सम्पूर्ण पार्टिका नगरप्रमुख तथा प्रतिनिधिहरु,आदरणीय व्यक्तित्वहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अन्त्यमा, हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस नगरसभा अधिवेशनमा उपस्थित हुनु हुने वडा अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यू, नगरसभा सदस्यज्यू,पत्रकारज्यूहरु लगायत नगरपालिकाका सम्पूर्ण कर्मचारीहरुप्रति आभार तथा धन्यवाद व्यक्त गर्दछु । प्रस्तुत बजेट र कार्यक्रमको कार्यान्वयनको निम्ति यहाँहरुबाट प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रूपमा लिएर खैरहनी नगरपालिका अगाडि बढ्ने विश्वास दिलाउदै कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरू सबैको सहयोग निरन्तर रहने अपेक्षा गरेकाछौं ।

**धन्यवाद !**

**सुनिता खरेल थपलिया**
**नगर उपप्रमुख**
खैरहनी नगरपालिका
खैरहनी, चितवन

दिनाङ्क २०७५ साल आषाढ १० गते आईतबार ।